# आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय (साविक आन्तरिक मामिला तथा कानून मन्त्रालय) सँग सम्बन्धित सार्वजनिक विवरण

प्रदेश सुचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा ५(२) को प्रयोजनार्थ
(२०८२ चैत्र देखि २०८३ असार मसान्त सम्म)



आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
साउन, २०८३

## १. मन्त्रालयको संक्षिप्त परिचय

### १.१ मन्त्रालयको पृष्ठभुमिः

नेपाल सरकारको मिति २०७४।१०।१० को निर्णयानुसार प्रदेशमा ७ वटा मन्त्रालय स्थापना भएकोमा आन्तरिक मामिला तथा कानून मन्त्रालय पनि रहेको थियो। विभिन्न समयमा भएका राजनीतिक परिवर्तन र सोको व्यवस्थापनको क्रममा हाल बागमती प्रदेश सरकारमा २०८३ साउन १ गतेबाट ८ मन्त्रालय कायम भएकोमा यस मन्त्रालयको साविकको मन्त्रालयको जिम्मेवारीमा सहकारीसँग सम्बन्धित जिम्मेवारी समेत रहेको।

### १.२ कार्यजिम्मेवारी

बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०२।०७ गतेको निर्णयानुसार बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० को नियम ७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले मिति २०८३।०४।०१ देखि लागु हुने गरी साविकको १४ वटा मन्त्रालयको जिम्मेवारी ८ वटा मन्त्रालयमा समाहित गरि कार्यविभाजन नियमावलीमा भएको संशोधन अनुसार बागमती प्रदेश आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयको कार्य जिम्मेवारी देहाय बमोजिम रहेको छ।

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र सो विषयमा संघसँगको समन्वय र सहकार्य |
| २. | अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा |
| ३. | प्रदेशभित्र भ्रमणमा रहेका अतिविशिष्ट व्यक्ति र विशिष्ट व्यक्तिहरूको सुरक्षा समन्वय |
| ४. | संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय |
| ५. | संघीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन |
| ६. | प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय |
| ७. | प्रदेश सभा मामिला |
| ८. | प्रदेश सभामा पेस हुने विधेयक, अध्यादेश, तथा प्रदेश सरकारबाट जारी हुने नियम, आदेश, निर्देशिका एवम् कार्यविधिको सहमति |
| ९. | अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १०. | आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग |
| ११. | प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण |
| १२. | सामुदायिक प्रहरी |
| १३. | प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन |
| १४. | प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरूको अभिलेख र समन्वय |
| १५. | गुनासो र विवाद व्यवस्थापन |
| १६. | संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विस्फोटक पदार्थको नियमन |
| १७. | फौजदारी कार्यविधि कानूनको कार्यान्वयन |
| १८. | अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति |
| १९. | निवारक नजरबन्द र स्थानहद सम्बन्धी |
| २०. | अन्तरप्रदेश सुरक्षा सम्बन्ध |
| २१. | सरकारी प्रयोजनको लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रदेश नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान |
| २२. | स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय |
| २३. | पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री, उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २४. | विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य सम्बन्धी कार्य |
| २५. | प्रदेश सरकारले दिने उपाधि, सम्मान तथा विभूषणको सिफारिस |
| २६. | प्रदेशस्तरमा सार्वजनिक समारोह, बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन |
| २७. | प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना |
| २८. | सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति सम्बन्धी |
| २९. | प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन (रेडियो, एफ. एम. तथा टेलिभिजन समेत) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण |
| ३०. | प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन |
| ३१. | प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन |


| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| ३२. | प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन |
| ३३. | प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन |
| ३४. | साइबर सुरक्षा अनुगमन |
| ३५. | प्रदेश सरकार अन्तर्गतका निकायहरूमा सफ्टवेयरको निर्माण र प्रयोगको अनुगमन, नियमन र सञ्जालीकरण |
| ३६. | छापासञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन |
| ३७. | प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण |
| ३८. | श्रमजीवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन |
| ३९. | प्रदेशस्तरीय सञ्चार रजिष्ट्रार |
| ४०. | केबुल वितरणको इजाजत, नवीकरण र नियमन |
| ४१. | सूचनाको हक सम्बन्धी प्रदेशको नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| ४२. | चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन |
| ४३. | प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन तथा प्रदेश राजपत्र प्रकाशन |
| ४४. | प्रदेश कानूनको प्रकाशन र वितरण |
| ४५. | प्रदेश सरकारलाई आवश्यक पर्ने कानून तथा कानूनी लिखतको अनुवाद |
| ४६. | प्रदेश कानूनको एकीकरण र संहिताकरण |
| ४७. | नेपाल सरकारको सहमति लिई प्रदेश मन्त्रिपरिषद्ले गरेको आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौताको अभिलेखीकरण, प्रकाशन |
| ४८. | व्यक्तिगत घटना जन्म, मृत्यु, विवाह र तथ्याङ्क सम्बन्धी कार्य |
| ४९. | सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकार क्षेत्रको सिर्जना |
| ५०. | सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन |
| ५१. | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रदेश मापदण्ड निर्धारण र नियमन |
| ५२. | सहकारी सम्बन्धमा संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य |
| ५३. | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन |
| ५४. | प्रदेशभित्र सहकारी संस्थाको दर्ता, नियमन, प्रशिक्षण तथा अनुगमन |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| ५५. | आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य (सहकारी क्षेत्र) |
| ५६. | प्रदेश सरकारले गर्नुपर्ने तर कुनै मन्त्रालयलाई नतोकिएको कार्य |

## १.५ संगठन संरचना र दरबन्दी तेरिजः

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयको संगठन संरचना प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भईनसकेको हुँदा साविक आन्तरिक मामिला तथा कानून मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज समावेश गरिएको।

### १.५.१ संगठन संरचना मन्त्रालयतर्फको



## १.५.२ दरबन्दी तेरिज र पदपुर्ति (मन्त्रालय)

| सि.नं | पद | सेवा/समूह | दरबन्दी | पदपूर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन/सा.प्र | १ | १ | ० | |
| २ | अधिकृतस्तर नवौं/दशौं | प्रशासन/सा.प्र | ३ | २ | १ | |
| ३ | उपसचिव | न्याय/कानून | १ | १ | ० | |
| ४ | अधिकृतस्तर आठौं/सातौं | प्रशासन/सा.प्र | ६ | ४ | २ | |
| ५ | अधिकृतस्तर आठौं/सातौं | इन्जि/टेली | १ | ० | १ | |
| ६ | कानून अधिकृत | न्याय/कानून | २ | २ | ० | |
| ७ | लेखा अधिकृत | प्रशासन/लेखा | १ | ० | १ | |
| ८ | अधिकृत. छैठौं/ सहायक पाँचौं | प्रशासन/सा.प्र/ लेखा/विविध | १३ | १२ | १ | २ काजमा |
| ९ | हलुका सवारी चालक | प्रशासन/सा.प्र | ४ | ४ | ० | |
| १० | कार्यालय सहयोगी | प्रशासन/सा.प्र | ६ | ६ | ० | |
| **जम्मा** | | | **३८** | **३१** | **७** | |

## २.मन्त्रालयबाट प्रदान गरिने सेवा:

बागमती प्रदेश सरकार कार्यविभाजन नियमावली, २०८० ले तोकेको कार्यक्षेत्र अन्तरगतका कार्यहरु मन्त्रालयको संगठन संरचना र सो अनुसार कार्यजिम्मेवारी तोकिएका अधिकारीहरुबाट प्रवाह हुने गरेको। मन्त्रालयले विशेषगरि कानून निर्माण, शान्ति सुरक्षा, विपद् व्यवस्थापन, सुचना तथा सञ्चार, प्रदेश सभा मामिला र सहकारी सम्बन्धि क्षेत्रमा कार्य गर्ने गर्दछ।

## ३.सेवा प्रदान गर्ने निकायको महाशाखा/ शाखा र जिम्मेवार कर्मचारी:

| क्र.सं. | सचिवालय/महाशाखा/शाखा | कर्मचारीको नाम | पद |
|---|---|---|---|
| क | माननीय मन्त्रीज्यूको सचिवालय | धर्मराज गुप्ता | कम्प्युटर अपरेटर |
| ख | श्रीमान सचिवज्यूको सचिवालय | धनमाया लम्साल | सहायक कम्प्युटर अधिकृत |
| **१.** | **प्रशासन, योजना तथा सूचना समन्वय महाशाखा** | **पदम ओझा** | **उपसचिव** |
| १.१ | प्रशासन तथा योजना शाखा | रबिता कार्की | वरिष्ठ शाखा अधिकृत |
| | | अनिमेष पौडेल | नायब सुब्बा |
| | | सम्झना दुलाल | खरिदार |
| १.२ | सञ्चार तथा सूचना प्रविधि शाखा | रबिता कार्की | वरिष्ठ शाखा अधिकृत |
| | | तुलसा बुढाथोकी | नायब सुब्बा |
| १.३ | आर्थिक प्रशासन शाखा | सम्झना महत | लेखापाल |
| **२.** | **शान्ति सुरक्षा महाशाखा** | **विष्णु कुमार भट्टराई** | **उपसचिव** |
| २.१ | प्रहरी प्रशासन तथा कारागार व्यवस्थापन शाखा | कृष्ण कुमारी खरेल<br>विकास भट्टराई | शाखा अधिकृत<br>नायब सुब्बा |
| २.२ | शान्ति सुरक्षा तथा स्थानीय प्रशासन शाखा | शिवराम बोहरा<br>गोविन्द रेग्मी | शाखा अधिकृत<br>नायब सुब्बा |
| **३.** | **कानून तथा प्रदेश सभा मामिला महाशाखा** | **भूवन न्यौपाने** | **उपसचिव** |
| ३.१ | कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा | अनुसुया भट्टराई | कानून अधिकृत |
| | | धर्मराज गुप्ता | कम्प्युटर अपरेटर |
| ३.२ | प्रदेश सभा मामिला तथा कानून सम्पादन शाखा | लुना पोखरेल<br>रुद्र कुमारी श्रेष्ठ | कानून अधिकृत<br>सहायक कम्प्युटर अधिकृत |

| क.सं. | सचिवालय/महाशाखा/शाखा | कर्मचारीको नाम | पद |
|---|---|---|---|
| ४ | **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन महाशाखा** | **पदम ओझा** | **उपसचिव** |
| ४.१ | जोखिम न्यूनीकरण, पूर्वतयारी तथा पुनर्लाभ शाखा | हेमराज संज्याल<br>उमेशराज सोती<br>किशोर तामाङ | शाखा अधिकृत<br>सहायक कम्प्युटर अधिकृत<br>नायब सुब्बा |
| ४.२ | विपद् अनुसन्धान, कार्यसञ्चालन तथा क्षमता विकास शाखा | | |

## ४.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

सुचनाको हक सम्बन्धी ऐन तथा नियममा भएको व्यवस्था बमोजिम ।

## ५.निर्णय गर्ने प्रक्रिया र अधिकारी

### क. निर्णय प्रक्रिया सम्बन्धमा।

विषयगत मन्त्रालय/निकायहरु, लगायत अन्य सरोकारवाला निकायहरुबाट प्राप्त पत्रहरु माननीय मन्त्रीज्यू वा कार्यालय प्रमुख (श्रीमान सचिवज्यू) बाट तोकादेश भएबमोजिम सम्बन्धित महाशाखा/शाखा मार्फत कार्यान्वयनको प्रक्रिया अगाडि बढाईने।

### ख. निर्णय गर्ने अधिकारी।

- माननीय मन्त्रीस्तरबाट।
- अख्तियारी बमोजिम सचिवस्तरबाट।
- अख्तियारी बमोजिम उपसचिवस्तरबाट ।

## ६.निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- कार्यालय प्रमुखः श्री कृष्ण बहादुर शाही।

## ७.साविक आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट सम्पादन भएका कार्यहरु (चैत्र देखि असार मसान्तसम्म)

### प्रशासन तथा सूचना संचार तर्फ

- गणतन्त्र दिवस, २०८३ प्रदेशस्तरमा विभिन्न कार्यक्रमहरु संचालन गरि भव्यताका साथ मनाईएको।
- आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम, वार्षिक बजेट तर्जुमा गरिएको।
- बागमती प्रदेशस्तरीय मिडिया सम्मेलन सम्पन्न गरिएको।
- पत्रकारितामा AI को प्रयोग सम्बन्धमा चितवन, धादिङ र मकवानपूरका संचारकर्मीहरुलाई २ दिने तालिम प्रदान गरिएको।
- कर्मचारीको क्षमता विकाससँग सम्बन्धित कार्यक्रमका साथै पूर्व कर्मचारीहरुसँग अनुभव आदानप्रदान कार्यक्रम संचालन गरिएको।
- बागमती प्रदेशका कुल ७ वटा जिल्लाका विभिन्न विद्यालयहरुमा साईबर सचेतना सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको।
- बागमती प्रदेश मन्त्रालयका सूचना प्रविधि अधिकृत र अन्य सहभागीहरुलाई २ दिने कृत्रिम बौद्धिकता सम्बन्धी तालिम प्रदान गरिएको।
- चितवन, धादिङ, सिन्धुपाल्चोक र नुवाकोट जिल्लाका सूचना अधिकारी र सरोकारवालाहरु बीच सूचनाको हक प्रवर्द्धन कार्यक्रम संचालन गरिएको।
- विभिन्न निकायहरुबाट माग भएका विवरणहरु उपलब्ध गराईएको।

### विपद् व्यवस्थापन तर्फ

- स्वयंसेवक समूह गठन तथा परिचालनका लागि विगतमा स्वयंसेवक समूह गठन नभएका १३ स्थानीय तहहरुलाई छनोट गरी ५ लाखको दरमा कुल रु. ६५ लाख रकम स्वयंसेवक समूह गठन र परिचालन गर्न रकम प्रदान गरिएको।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तथा मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी योजना तयार भएको। उल्लेखित योजनामा विषयगत मन्त्रालय/निकायहरुको कार्यजिम्मेवारि साथै प्रदेश गोदामघरमा भण्डारमा रहेका विपद् उद्धार तथा गैरखाद्य सामग्री र सम्बन्धित निकायको विपद् सम्पर्क व्यक्तिको विवरण समावेश गरिएको।

- विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी रैथाने प्रविधि, चट्याङजन्य प्रकोप सम्बन्धी जोखिम अध्ययन, बिपद् बीमा सम्बन्धी सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको।
- विद्यालयमा विपद् सचेतनामूलक कार्यक्रम अन्तर्गत मकवानपुर र चितवनका २ वटा विद्यालयमा आगलागी नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको।
- विपद् जोखिम न्युनीकरणका लागि सूचना तथा सन्देश उत्पादन प्रकाशन प्रसारण अन्तरगत चट्याङ र आगलागी नियन्त्रण सम्बन्धी श्रव्य दृश्य सामग्री तयार गरिएको।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन को पूर्वतयारीका लागि बागमती प्रदेश भित्रका विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारी लगायत जिल्ला सुरक्षा निकायका प्रतिनिधिहरुसँग मुख्यमन्त्रीज्यूको अध्यक्षतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- सशस्त्र प्रहरी बल नेपालका विपद्सँग सम्बन्धित कुल २० जना सशस्त्र प्रहरीको जनशक्तिलाई रोप रेस्कयु सम्बन्धी तालिम प्रदान गरिएको।
- सशस्त्र प्रहरी बल नेपालका विपद्सँग सम्बन्धित १७ जना जनशक्तिलाई गोताखोर तालिम प्रदान गरिएको।
- विपद् व्यवस्थापन सम्बन्धी कृत्रिम घटना अभ्यास कार्यक्रम अन्तर्गत हेटौंडा औद्योगिक क्षेत्रभित्र तीन वटै सुरक्षा निकाय, नेपाल रेडक्रस, नेपाल स्काउट तथा हेटौंडा उपमहानगरपालिका, हेटौंडा अस्पताल लगायतका निकायको समन्वय र सहकार्यमा आगलागी र भुकम्प सम्बन्धी कृत्रिम घटना अभ्यास सम्पन्न भएको ।
- स्वयंसेवक क्षमता अभिवृद्धि तालिम अन्तर्गत स्थानीय तह, नेपाल रेडक्रस र नेपाल स्काउटका गरी कुल २१ जना स्वयंसेवकको लागि १० दिने अभिमुखिकरण तालिम विपद् व्यवस्थापन शिक्षालय कुरिनटारमा सम्पन्न भइसकेको।
- विपद् गैरखाद्य राहत सामग्री खरिद अन्तर्गत ३७५ सेट राहत सामग्री (झूल, Blanket, प्लेट, कराई, चम्चा, कुकुर, पन्यु, डेक्ची लागयतका सामग्रीहरुको प्याकेज) खरिद गरिएको ।
- प्रदेशस्थित गोदामघरका लागि विपद् सामग्री खरिद तथा व्यवस्थापन अन्तर्गत १ करोड ४० लाख अन्तरगत त्रिपाल, टेन्ट, Adjustable Wrench, Bolt cutter, Tin snip, Bucket, Chhino, Gal, Hack Saw, Hammer big, multipurpose Helmet, khukuri, kodalo etc. आदि सामग्री भण्डारण गरिएको।

- प्रदेशस्थित सुरक्षा निकायहरुका लागि विपद् उद्धार सामग्री खरिद अन्तर्गत Water Rescue, Fire Fighting , Rope Rescue, CSSR सामग्रीहरु खरिद गरि प्रदेशस्थित सुरक्षा निकायहरुलाई हस्तान्तरण गरिएको।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि २०८० बमोजिम मिति २०८२ पुष ३० र मिति २०८३ जेठ १८ गते बसेको प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठकको निर्णयबमोजिम बागमती प्रदेशभित्रका विभिन्न स्थानीय तहका योजना कार्यान्वयनका लागि कुल रु. १८ करोड ९५ लाख स्थानीय तहको प्रकोप व्यवस्थापन कोष खातामा प्रदान गरिएको।
- मनसुनजन्य विपद्बाट सिर्जित हुने क्षतिको शीघ्र खोज, उद्धार तथा प्रतिकार्यका लागि मन्त्रालयको विपद् व्यवस्थापन महाशाखा प्रमुख सहित प्रदेशका सुरक्षा निकायहरुका फोकल पर्सन सम्मिलित whatsapp group बनाई सूचना सम्प्रेषण तथा आपसी समन्वय प्रभावकारी बनाईएको।

**शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन तर्फ**

- सी.आन.पूनर्स्थापना केन्द्रसँगको समन्वय र सहकार्यमा चितवन र मकवानपूरका १ स्थानीय तहको १ विद्यालयमा १ पटक गरि ९ वटा विद्यालयमा लागू औषध दुर्व्यसनी न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम संचालन गरिएको।
- बागमती प्रदेशमा रहेका पुनर्स्थापना केन्द्रका संचालक र व्यवस्थापकहरुलाई लागू औषध दुर्व्यसनी न्यूनीकरणका लागि क्षमता अभिवृद्धि अभिमुखीकरण तालिम संचालन गरिएको।
- जिल्ला सुरक्षा समिति नुवाकोट, रसुवामा समन्वय बैठक सम्पन्न भएको।
- केन्द्रिय कारागार कार्यालय, जगन्नाथदेवल, कारागार कार्यालय धादिङ र सिन्धुलीका कैदीबन्दीका लागि (३० दिने/१६० घण्टे असिस्टेन्ट बिल्डिङ्ग ईलेक्ट्रिसियन) तालिम प्रदान गरिएको।
- चितवन, सिन्धुली र धादिङ जिल्लामा यातायात व्यवसायीहरु, स्थानीय तहका कर्मचारीहरुको सहभागितामा सडक दुर्घटना न्यूनीकरण कार्यक्रम सम्पन्न गरिएको।
- काभ्रे(१) र रामेछापको(१) विद्यालयमा ट्राफिक सचेतना कार्यक्रम संचालन गरिएको।

**कानून तर्जुमा तथा राजपत्र प्रकाशन तर्फ**

- प्रदेश सभामा दर्ता गर्न देहायका ७ वटा विद्येयक पेश गरिएको।

    १. प्रदेश उच्च शिक्षा ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक

२. प्रदेशमा विद्युत विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
३. वातावरण संरक्षण ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक
४. प्रदेश पर्यटन ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक
५. प्रदेश राष्ट्रिय वन ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक
६. प्रदेश जीवनाशक विषादी व्यवस्थापनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
७. प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

- यस अवधिमा कुल ऐन-२, नियमावली-३, निर्देशिका-३, कार्यविधि-४, मापदण्ड-१, गठन आदेश-१, सूचना-६ गरि कुल २० कानूनहरु राजपत्रमा प्रकाशन गरिएको।
- स अवधिमा कुल विद्येयक-१३, नियमावली-३, निर्देशिका-१, कार्यविधि-३, गठन आदेश-२, नीति-२, कार्ययोजना-१, मापदण्ड-२ र अनूसूची हेरफेर-१ गरि कुल २६ कानूनहरुमा राय/सहमति प्रदान गरिएको।
- स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि २०८२ बमोजिम स्थानिय तहमा कार्यरत न्यायिक सहजकर्ताहरुको लागि अभिमुखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण कार्यक्रम काठमाडौमा सम्पन्न गरिएको।
- देवी माध्यमिक विद्यालय, भक्तपुर, डेडीथुम्का माध्यमिक विद्यालय, काभ्रे र रसुवा माध्यमिक विद्यालय, रसुवाका विद्यार्थीहरुलाई लक्षित गरी विद्यालयस्तरमा कानून सम्बन्धी सचेतना कार्यक्रम गरिएको।
- मकवानपुर, रामेछाप, दोलखा र रसुवा जिल्लामा मानव अधिकार संरक्षण सम्बन्धी अन्तरक्रिया तथा सचेतनामुलक कार्यक्रम सम्पन्न गरिएको।
- नुवाकोट जिल्लामा स्थानीय तहका कर्मचारीको लागि कानून निर्माण, मेलमिलाप तथा राजपत्र सम्बन्धी अभिमुखिकरण तालिम सम्पन्न गरिएको।

## ८.प्रवक्ता र सुचना अधिकारीको विवरण:

**प्रवक्ताको विवरण**

नामः पदम ओझा
पदः उपसचिव
महाशाखाः प्रशासन,योजना सूचना तथा समन्वय महाशाखा
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन महाशाखा

**सूचना अधिकारीको विवरणः**

नामः रबिता कार्की
पदः वरिष्ठ शाखा अधिकृत
शाखाः प्रशासन तथा योजना शाखा
सूचना तथा संचार समन्वय शाखा

## ९.सुचना माग सम्बन्धि कार्यालयमा प्राप्त निवेदन

यस प्रतिवेदनको अवधि मा १ वटा सूचना माग भई विवरण प्रदान गरिएको।

## १०. मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिकाको विवरणः

साविक आन्तरिक मामिला तथा कानून मन्त्रालयले आफुलाई तोकिएको कार्यजिम्मेवारी वहन गरी कार्यसम्पादन गर्न मन्त्रालयसँग प्रत्यक्ष रुपमा सम्बद्ध विभिन्न कानुनहरु तर्जुमा गरेको छ। यसका साथै वार्षिक रुपमा स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि समेत मन्त्रालयले विभिन्न कार्यविधि, मापदण्ड, योजनाहरु तर्जुमा गरेको छ। जुन निम्नानुसार रहेको छ।

**ऐन**

- प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन,२०७४
- प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५
- प्रदेश विपद् व्यवस्थापन ऐन,२०७५
- प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ (दोस्रो संशोधन, २०८०)
- विभुषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन,२०७६
- प्रदेश प्रहरी ऐन,२०७७
- प्रदेश अनुसन्धान ब्युरो ऐन, २०७९

**नियमावली**

- बागमती प्रदेशको प्रदेश सभा नियमावली,२०७४
- प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली,२०७६

**निर्देशिका/कार्यविधि/मापदण्ड**

- प्रदेश राजपत्र प्रकाशन सम्बन्धि निर्देशिका, २०७६

- प्रदेशका विशिष्ट व्यक्तिहरुको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्बन्धि कार्यविधि, २०७८
- सम्मान र पदक प्रदान गर्ने मापदण्ड, २०७८
- प्रदेश गोदामघर व्यवस्थापन कार्यविधि,२०७९
- आन्तरिक नियन्त्रण प्रणाली, २०७९
- बागमती प्रदेश विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,२०८०
- प्रदेश विपद् व्यवस्थापन कोष परिचालन सम्बन्धी कार्यविधि, २०८०
- स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन), २०८०
- द्वन्द्वपीडित व्यक्तिहरुको सबलीकरण कार्यक्रम कार्यान्वय कार्यविधि, २०८०
- जनचेतनामूलक प्रचार सामाग्री निर्माण, प्रसारण तथा वितरण कार्यविधि, २०८०
- मौलिक चलचित्र निर्माण तथा प्रर्वद्धनमा सहयोग कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०
- युवा सचेतना अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
- प्रदेश स्वंमसेवक ब्युरो गठन तथा परिचालन कार्यविधि,२०८०
- स्थानिय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यबिधि २०८०
- स्थानिय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यबिधि २०८१
- मौलिक चलचित्र निर्माण तथा प्रबर्द्धनमा सहयोग कार्यक्रम सञ्चालन सम्बन्धी कार्यबिधि २०८१
- प्रदेश गतिबिधि उत्पादन, प्रकाशन तथा प्रसारण कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८१
- बागमती प्रदेश विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३
- मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,२०८३
- स्थानिय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यबिधि २०८२
- वार्षिक कार्यक्रम कार्यान्वयन मार्शदर्शन, २०८२
- प्रदेश विज्ञापन (नियमन गर्ने) निर्देशिका २०८२

## ११. मन्त्रालयको वेवसाईट तथा ई-मेल:

बागमती प्रदेश सरकार साविक आन्तरिक मामिला तथा कानून मन्त्रालयको वेवसाईट तथा ईमेल निम्नअनुसार रहेको छ।

वेवसाईट: moial.bagamati.gov.np

ई-मेल: moial@bagamati.gov.np

माथि उल्लेखित वेवसाईटमा यस कार्यालयसँग सम्बन्धित सम्पुर्ण सुचना तथा जानकारी एवं नीति नियमहरु उपलब्ध रहेका छन।

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### क. साविक आन्तरिक मामिला तथा कानून मन्त्रालयको राजस्व संकलनको अवस्था

साविक आन्तरिक मामिला तथा कानून मन्त्रालयतर्फ आर्थिक वर्ष २०८२/८३ को साउन देखि २०८३ असार मसान्त सम्म कुल १८ लाख ०५ हजार ८ सय १७ रुपैया राजस्व संकलन भएको देखिन्छ।

रकम रु.हजारमा

| मन्त्रालय तर्फ | | | |
|---|---|---|---|
| राजश्व ख.शी.नं. | राजश्व शीर्षक | संकलित रकम | कैफियत |
| १४२१३ | अन्य विक्रिबाट प्राप्त रकम | ७४५ | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १९७.४० | |
| १४५२९ | अन्य राजस्व | ५ | |
| १४५११ | बीमा दावी प्राप्ती | ७४० | जेन्जी आन्दोलनमा आगजनी भएका सवारी साधनको बीमा दावी प्राप्त। |
| १५१११ | बेरुजु | ११८.४२ | |
| **मन्त्रालय तर्फको जम्मा** | | **१८०५.८१७** | |

स्रोत: आर्थिक प्रशासन शाखा, साविक आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश।

## ख. मन्त्रालयको वार्षिक बजेट र खर्च विवरण

साविक आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेशको आर्थिक वर्ष २०८२/८३ को साउन देखि २०८३ असार मसान्तसम्मको खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

रकम रु. हजारमा

| बजेट उपशीर्षक | खुद बजेट | खर्च | खर्च % |
|---|---|---|---|
| ३१४०००११३ चालु | ३७७१८९ | ३२६८०९ | ८६.६४ |
| ३१४०००११४ पुंजीगत | ३५००१४ | १४७९५९ | ४२.२७ |
| **जम्मा** | **७२७२०३** | **४७४७६८** | **६५.२९** |

स्रोत: प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली(PLMBIS), बागमती प्रदेश।

## ग. खर्च शीर्षक अनुसार साविक आन्तरिक मामिला तथा कानून मन्त्रालयको खर्च विवरण (आर्थिक वर्ष २०८२/८३ को साउन महिना देखि असार मसान्तसम्मको)

रकम रु. हजारमा

| खर्च संकेत नं. | खुद बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २११११ पारिश्रमिक कर्मचारी | २४७४९ | १५३७८.३२ | ६२.१४ |
| २११२१ पोशाक | १३८० | १०२० | ७३.९१ |
| २११३२ महंगी भत्ता | २२८० | १८०१.३३ | ७९.०१ |
| २११३४ कर्मचारीको बैठक भत्ता | ५८० | ५५१ | ९५. |
| २११३९ अन्य भत्ता | ३० | ५ | १६.६७ |
| २११४१ पदाधिकारी बैठक भत्ता | १०० | ० | ०. |
| २१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ८०७ | १८३.८१ | २२.७८ |
| २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | १३५ | ८६.९७ | ६४.४२ |
| २२१११ पानी तथा बिजुली | १७५० | ११६१.७ | ६६.३८ |
| २२११२ संचार महसुल | ५९५ | ३२७.१५ | ५४.९८ |
| २२२११ इन्धन (पदाधिकारी) | १३९.९८९ | २० | १४.२९ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १७५३.६१ | १५४९.८७ | ८८.३८ |
| २२२१३ सवारी साधन मर्मत खर्च | १८३५ | १६६३.२६ | ९०.६४ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ७७५ | ३५२.८४ | ४५.५३ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४५५ | ४०७.८६ | ८९.६४ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १२०० | ११८३.६९ | ९८.६४ |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | १७०० | १६१०.७५ | ९४.७५ |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १५८.४८ | ५२.५५ | ३३.१६ |

| खर्च संकेत नं. | खुद बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १४१२ | ११७६.७९ | ८३.३४ |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १०९० | ८६७.९२ | ७९.६३ |
| २२४११ सेवा र परामर्श खर्च | ८०० | ६४४.३३ | ८०.५४ |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ६० | ० | ०. |
| २२४१३ करार सेवा शुल्क | ४०४४ | ३७१८.२२ | ९१.९४ |
| २२५११ कर्मचारी तालिम खर्च | ७२० | ५७०.७७ | ७९.२७ |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १२८१० | ६३८३.२९ | ४९.८३ |
| २२५२२ कार्यक्रम खर्च | २३०९५ | ५४९५.३७ | २३.७९ |
| २२५२९ विविध कार्यक्रम खर्च | २८७६९५ | २७६८४३.६५ | ९६.२३ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ९३० | ८२७.१ | ८८.९४ |
| २२६१२ भ्रमण खर्च | ५० | ३८.८५ | ७७.७ |
| २२७११ विविध खर्च | १२४० | ९५३.२७ | ७६.८८ |
| २६४१३ अन्य संस्थालाई अनुदान‘ सःशर्त | १७५० | १२७३.४ | ७२.७७ |
| २८१४२ घर भाडा | ७२० | ६६० | ९१.६७ |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ३५० | ० | ०. |
| **चालु तर्फ जम्मा** | **३७७१८९** | **३२६८०९** | **८६.६४** |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १५१३१६ | ७५८०१.१ | ५०.०९ |
| ३११२१ सवारी साधन | ४१६४० | ४१३३६.८३ | ९९.२७ |
| ३११२२ मेशिनरी तथा औजार | २०७४५ | २६३६.९५ | १२.७१ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ९९५० | ३३५५.७२ | ३३.७३ |

| खर्च संकेत नं. | खुद बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ३० | ० | ०. |
| ३११३५ पूँजीगत परामर्श खर्च | ७५० | ० | ०. |
| ३११४१ सुरक्षा उपकरण प्राप्ति खर्च | ७१४०० | १३७६.६२ | १.९३ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | २३०० | ० | ०. |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ५१८८२.६ | २३४५२.०८ | ४५.२ |
| **पुजींगत  तर्फ जम्मा** | **३५००१४** | **१४७९५९** | **४२.२७** |
| **चालु र पुँजीगत तर्फ जम्मा** | **७२७२०२.६७९** | **४७४७६८.३६** | **६५.२९** |

स्रोत: प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली(PLMBIS), बागमती प्रदेश।